राष्ट्रिय सूचना आयोग
२०६५

(३६०)

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १०४/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ............................................................१ निवेदक

विरूद्ध

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, इलाम ...........................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, इलाम ......................................................................१

विषय :- सूचना दिनु भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, इलाम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेको । निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७१।०९।०३, च.नं. ६८४, पु.च.नं.३२१ को पत्रबाट पत्राचार भएको । सो सम्बन्धमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म निवेदकले सूचना पाइन भनी निवेदन गर्न आएको पनि देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा निवेदकले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।